## आर्थिक वर्ष २०८०/८१ को समग्र आय, व्यय विवरण, बजेट तथा मुख्य कार्यक्रमहरु

**गाउँसभाका अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्युहरु,**

सर्वप्रथम आजको यस गरीमामय सभामा उपस्थित भईरहँदा यो व्यवस्था सम्म ल्याइपुऱ्याउनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । विगतका ऐतिहासिक आन्दोलनका घाइते एवम् अङ्गभङ्ग हुनु भएका सबै महानुभावहरु प्रति उच्च सम्मान भाव व्यक्त गर्दै सिघ्र स्वास्थ्य लाभको कामना समेत गर्न चाहन्छु।

**यस गरिमामय समारोहमा उपस्थित सदस्यज्यूहरु,**

यहाँहरु समक्ष यस गाउँपालिकाको सम्मानित बाह्रौं गाउँसभाको बैठकमा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को समग्र आय, ब्यय विवरण, बजेट तथा मुख्य कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा गौरव महशुस भएको छ।

"शिवपुरी विकास र समृद्धिको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार" को सोचलाई कार्यान्वयन गर्न र सम्मृद्ध शिवपुरी निर्माण गर्ने उद्धेश्यलाई ब्यवहारमा उतार्न सीमित स्रोत साधनको कुशल ब्यवस्थापन गर्ने प्रयास गरिएको छ ।

बजेट निर्माण गर्दा राष्ट्रिय तथा प्रदेश योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दीगो विकासका लक्ष्यहरु हासिल गरी राष्ट्रिय प्रतिवद्धतालाई पुरा गर्ने कार्यमा यस गाउँपालिकाबाट सो अनुरुपका क्रियाकलाप सञ्चालन गरिने गरी बजेट विनियोजन गरेका छौ । साथै गाउँपालिकाको सोच र आवधिक योजनाले निर्दिष्ट गरेका विषयगत क्षेत्रका उद्देश्यहरु हासिल गर्ने अभिप्रायका साथ कृषि, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी उत्पादन वृद्धि, रोजगारका अवसरको सिर्जना, शैक्षिक गुणस्तरमा सुधार तथा दीगो पूर्वाधार विकासलाई जोड दिईएको छ ।

**यस सभाका सभाध्यक्षज्यू,**
अव यस गाउँपालिकाको चालु आ.व. २०७९/०८० को हाल सम्मको यथार्थ आय व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।
चालु आ.व. २०७९/०८० को अनुमानित बजेट ५८,९६,२६,०००।- (अन्ठाउन्न करोड छयानब्बे लाख छब्बिस हजार) रहेको मध्ये हालसम्म संघिय सरकार तथा प्रदेश सरकारको प्रतिवद्धता बमोजिम अनुदान प्राप्त नभएको र आन्तरिक स्रोत समेत अपेक्षा अनुरुप संकलन नभएकाले हाल सम्म खर्चको प्रगति ६५ प्रतिशत रहेको छ ।

**सभाध्यक्षज्यू,**

अब म चालु आ.ब.को समग्र योजना तथा कार्यक्रमको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास तर्फ**

- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत विभिन्न वडामा च्याउ पकेट क्षेत्र विकास कार्यक्रम, धान क्षेत्र विकास कार्यक्रम, कृषि यान्त्रिकिकरण कार्यक्रम सञ्चालन भएको छ ।
- उत्पादनको आधारमा प्रति लिटर दुधमा अनुदान दिने गाउँपालिकाको नीति अनुसार स्विकृत कार्यविधि बमोजिम ६ महिनामा उत्पादित ३,७५,००० लिटर दुधमा अनुदान उपलब्ध गराईएको छ ।

**सामाजिक विकास तर्फ**

- स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड कार्यक्रमको दिगोपनालाई थप व्यवस्थित बनाईनेछ।
- विभिन्न स्त्री रोग, पाठेघर खस्ने तथा पाठेघरको मुखको क्यान्सर रोगको स्कृनिङ तथा एस.टी.आई. रोगको उपचार क्याम्प सञ्चालन पुरा भएको छ ।
- गाउँपालिकाले आफ्नै एम्बुलेन्स सञ्चालन गरेको छ ।
- स्वास्थ सेवाका प्रतिरोधात्मक, उपचारात्मक, निरोधात्मक लगायतका नियमित सेवाहरु प्रवाह भईरहेका छन् ।
- अध्यक्षसँग वृद्धवृद्धा कार्यक्रम अन्तर्गत टोलमा गई निशुल्क प्रेसर, सुगर चेकजाँच गरी निशुल्क औषधी वितरण गर्ने कार्यक्रमको सुरुवात गरिएको छ । जसबाट ८ वटै वडाका वृद्धवृद्धाहरुको स्वास्थ्य सेवामा पहुँच बृद्धि भएको छ।
- उपाध्यक्षसँग मातृ शिशु कार्यक्रम अन्तरगत गर्भवती महिलाहरु पोषिलो खानेकुरा वितरण नियमित रुपमा चलिरहेको छ ।
- गाउँपालिकाबाट शिक्षण अस्पताल महाराजगंज लगायतका अस्पतालका २२ जना विशेषज्ञ चिकित्सकहरुबाट १२०० जना विरामीको निशुल्क स्वास्थ्य परिक्षण गरिएको, उक्त परिक्षण हाडजोर्नी, हर्निया जस्ता रोगहरुको शल्यक्रिया समेत गरिएको ।
- आँखाका विशेषज्ञ चिकित्सकको सहभागितामा सञ्चालित वृहत आँखा शिविरमा निशुल्क मोतीविन्दु शल्यक्रिया गरिएको ।
- शिवपुरी वडा नं. ४ मा प्राविधिक शिक्षालय भवन निर्माण कार्य सम्पन्न भइ प्राविधिक शिक्षा प्रदान गरिदै आएको छ ।

- ECD र विद्यालय कर्मचारीको नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक हुनेगरी तलव वृद्धि गरिएको छ।
- संघ प्रदेश र शिवपुरी गा.पाको समन्वय र सहकार्यमा विभिन्न विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला र विज्ञान प्रयोगशाला स्थापना भएको छ ।
- ११ वटा विद्यालयका कक्षा १ र २ मा पुस्तकालय स्थापनाका लागि फर्निचर उपलब्ध गराइएको छ ।
- चालु आ.व. मा प्र.अ., शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि स्रोत व्यक्तिहरुवाट तालिम प्रदान गरिएको ।
- नीजि श्रोतमा सञ्चालित विद्यालयहरुमा शिक्षक व्यबस्थापन गर्न अनुदान उपलब्ध गराईएको छ ।
- छात्रबृत्ति वितरणका लागि (कक्षा १-८) विद्यालयहरुमा अनुदान निकाशा गरिएको छ ।
- कक्षा इसिडि देखि ५ कक्षा सम्म दिवाखाजा कार्यक्रम सञ्चालन गरिएको ।
- यसै गाउँपालिका स्थायी वसोवास भई MBBS अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ती प्रदान गरिएको।

**भौतिक पुर्वाधार तर्फ**

- पुर्वाधार तर्फ गाउँपालिका तथा सबै वडाहरुले आफ्नै प्रशासनिक भवनबाट प्रशासनिक तथा सेवाप्रवाहको काम शुरु भईसकेको छ ।
- सडक ढलान, वर्षातको समयमा सरसफाइ तथा मर्मत सम्भार मार्फत सडकको स्तरोन्नतीको कामलाई प्राथमिकता दिइएको छ।
- गाउँपालिका स्तरीय पोर्टेवल कोल्ड च्याम्बर निर्माण कार्य सम्पन्न भई कृषि उत्पादन विविधिकरणलाई सहयोग पुगेको छ ।
- शिवपुरी शितभण्डार मिनि कोल्ड स्टोरको भवन निर्माण कार्य सम्पन्न भई पहिलो तल्लामा चिस्यान मेशिन जडान लगायतको कार्य यसै आ. व. मा सम्पन्न भइ सञ्चालनका लागि तयार भएको छ ।
- १० शैयाको शिवपुरी आधारभुत अस्पतालको निर्माण कार्य तिब्र गतिमा सञ्चालन भई ५० प्रतिशत भन्दा बढि कार्य सम्पन्न भइसकेको छ।
- चालु आ.व. मा बोलपत्र मार्फत सञ्चालित सडक स्तरोन्नति भवन निर्माण तथा खानेपानी सम्बन्धी विभिन्न आयोजनाहरु सम्पन्न हुने चरणमा छन् । आगामी आ.व.मा पनि विभिन्न योजनाहरुमा आवश्यक बजेट विनियोजन गरी सञ्चालन गरिनेछ ।
- उपभोक्ता समिति मार्फत सञ्चालन भएका करीव ८० प्रतिशत आयोजनाहरुको काम सम्पन्न भएको छ भने बाँकी आयोजनाहरुको काम अन्तिम चरणमा पुगेको छ ।
- लाबा ल्हुङ खोला र फूस्रे खोलामा झोलुङ्गे पुल निर्माणको अन्तिम चरणमा रहेका छ ।

- जग्गाको १० प्रकारमा वैज्ञानिक वर्गिकरण गरी कित्ताकाटको कार्य सुरु भएको छ ।

**वन, वातावरण, विपद् ब्यवस्थापन तर्फ**

- बातावरण संरक्षण ऐन २०७६, नियमावली २०७७ र संक्षिप्त वातावरणीय अध्ययन तथा नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा ब्यबस्था गर्न बनेको कार्यविधि २०७७ अनुरुप नदीजन्य पदार्थको प्रयोग गर्ने उदेश्यको लागि संक्षिप्त वातावरणीय परीक्षण (IEE) को प्रबन्ध मिलाईएको छ ।
- विपद् व्यवस्थापन कोष स्थापना भई विपद्मा परेका व्यक्ति तथा समुदायलाई आवश्यक सहयोग पुऱ्याईएको छ ।
- विपद् व्यवस्थापन तथा उद्धारका सामाग्रीहरु आगामी आ.व मा खरिद व्यवस्थापन गरिनेछ ।
- वन तथा वातावरणमा पर्ने प्रतिकूल असरलाई न्यूनिकरण गर्ने गरी वातावरणमैत्री विकास कार्य सञ्चालन गर्न प्रयास गरिएको छ ।

**संस्थागत विकास र क्षमता अभिबृद्धि तर्फ**

- शिवपुरीको सवै वडा, स्वास्थ्य चौकी र विद्यालयलाई सूचना प्रविधि मैत्री बनाइने छ ।
- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनमा यस आ.व.मा ४४.७५ प्राप्त भएको छ ।
- जवाफदेहीता अभिवृद्धिलाई बढावा दिन गाउँपालिकाले आफ्ना दैनिक गतिविधी तथा क्रियाकलापलाई सूचना प्रविधि एवम् सामाजिक सञ्जाल मार्फत पारदर्शी बनाउने प्रयास गरिएको छ ।
- बल्क एस.एम.एस. प्रणाली मार्फत एकैपटक धेरै जनालाई सन्देश पठाउन सक्ने कार्य सफलता पूर्वक गरिएकोमा आगामी आ.व मा पनि प्रभावकारी रुपमा सञ्चालनमा ल्याईनेछ।

**सभाअध्यक्षज्यू,**

अब म यस सम्मानीत सभा समक्ष आगामी आ.ब. २०८०/८१ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेट निर्माण गर्दा १५औं आवधिक योजना तथा प्रदेश योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दीगो विकासका लक्ष्यहरु हासिल गरी राष्ट्रिय प्रतिवद्धतालाई पुरा गर्ने कार्यमा यस गाउँपालिकाबाट पनि सो अनुरुपका क्रियाकलाप सञ्चालन गरिने गरी बजेट विनियोजन गरेका छौ । साथै गाउँपालिकाको सोच र आवधिक योजनाले निर्दिष्ट गरेका विषयगत उद्देश्यहरु हासिल गर्ने अभिप्रायका साथ उत्पादन वृद्धि, रोजगारका अवसरको सिर्जना, शैक्षिक गुणस्तरमा सुधार, स्वास्थ्य सेवाको स्तरोन्नती तथा दिगो पूर्वाधार विकासलाई जोड दिईएको छ ।

**शिवपुरी गाउँपालिकाको बजेटका उद्देश्यहरु यस प्रकार छन्।**

- आर्थिक, सामाजिक र भौतिक विकासका कार्यक्रमहरु दिगो, समतामूलक र प्रभावकारी बनाउने।
- स्थानीय तहको विकास निर्माणका गतिविधि लगायत सेवा प्रवाहमा जनतालाई प्रत्यक्ष रुपमा सहभागी गराई अपनत्वबोध गराइने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धन गर्ने ।

**बजेटका प्राथमिकताहरु**

- स्वास्थ्य, शिक्षा,कृषि तथा पशुपंछी विकास, पर्यटन र पूर्वाधार
- कृषिको यान्त्रीकरण, आधुनिकीकरण, औद्योगिकरण, ब्यवसायीकरण र बजारीकरण
- रोजगारीको अवसरमा बृद्धि तथा गरिबी न्यूनीकरण

**सभाका सभाध्यक्षज्यू,**

माथि उल्लिखित उद्देश्य तथा प्राथमिकता हासिल गर्नको लागि आगामी आ.व. २०८०/८१ का लागि कुल रु. ५४ करोड ९४ लाख आम्दानीको अनुमान पेश गरेको छु । जसलाई निम्नानुसार प्रस्तुत गर्दछु। यस अनुमानमा नेपाल सरकार मार्फत सिधै कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्राप्त हुने सामाजिक सुरक्षाको बजेट समावेश गरिएको छैन।

**आय तर्फ**

| सि.नं. | योजना तथा कार्यक्रम | अनुमानित बजेट रु. | अंकमा |
|---|---|---|---|
| १ | संघीय शसर्त अनुदान | २५ करोड १० लाख | २५१०००००० |
| २ | प्रदेश शसर्त अनुदान | २ करोड ६९ लाख ५८ हजार | २६९५८००० |
| ३ | संघ विशेष अनुदान | ६५ लाख | ६५००००० |
| ४ | प्रदेश विशेष अनुदान | ९७ लाख | ९७००००० |
| ५ | संघ समपुरक अनुदान | ५० लाख | ५०००००० |
| ६ | प्रदेश समपुरक अनुदान | २ करोड ४७ लाख ५० हजार | २४७५०००० |
| ७ | संघीय समानिकरण अनुदान | ८ करोड ६७ लाख | ८६७०००००० |
| ८ | प्रदेश समानिकरण | ८० लाख ८५ हजार | ८०८५००० |
| ९ | संघीय राजश्व बाँडफाँड प्राप्त रकम | ७ करोड ८५ लाख ९९ हजार १ सय | ७८५९९१०० |

| सि.नं. | योजना तथा कार्यक्रम | अनुमानित बजेट रु. | अंकमा |
|---|---|---|---|
| १० | प्रदेश राजश्व बाँडफाँड प्राप्त रकम | २ करोड ५१ लाख २४ हजार १सय ४६ | २५१२४१४६ |
| ११ | आ.व. २०७९/८० बाट हुने अ.ल्या. रकम | ५० लाख | ५०००००० |
| १२ | आन्तरिक राजश्व रकम | २ करोड १९ लाख ८३ हजार ७ सय ५४ | २१९८३७५४ |
| | | **जम्मा** | **५४९४०००००** |

**सभाका श्रद्धेय अध्यक्षज्यू,**

अब म आगामी आ.व. मा माथि उल्लेखित बजेटका उद्देश्यहरु प्राप्त गर्न अनुमानित आयबाट व्यहोर्ने गरी निम्न सेवा तथा कार्यहरुका लागि विनियोजित मुख्य मुख्य शिर्षकहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**व्यय तर्फ**

| आ.व. २०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम | | | |
|---|---|---|---|
| **सि.नं.** | **योजना तथा कार्यक्रम** | **अनुमानित बजेट रु.** | **अंकमा** |
| १ | संघीय शसर्त अनुदान | २५ करोड १० लाख | २५१०००००० |
| २ | प्रदेश शसर्त अनुदान | २ करोड ६९ लाख ५८ हजार | २६९५८००० |
| ३ | संघ विशेष अनुदान | ६५ लाख | ६५००००० |
| ४ | प्रदेश विशेष अनुदान | ९७ लाख | ९७००००० |
| ५ | संघ समपुरक अनुदान | ५० लाख | ५०००००० |
| ६ | प्रदेश समपुरक अनुदान | २ करोड ४७ लाख ५० हजार | २४७५०००० |
| ७ | प्रदेश समपुरक कोष (पालिकाको योगदान) | २ करोड ४७ लाख ५० हजार | २४७५०००० |
| ८ | संघ समपुरक कोष (पालिकाको योगदान) | ५० लाख | ५०००००० |
| ९ | स्थानीय समपुरक कोष | १२ लाख | १२००००० |

| आ.व. २०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम | | | |
|---|---|---|---|
| **सि.नं.** | **योजना तथा कार्यक्रम** | **अनुमानित बजेट रु.** | **अंकमा** |
| १० | चालु खर्च | ८ करोड | ८०००००० |
| ११ | चालु आ.व. को दायित्व | २ करोड | २०००००० |
| १२ | घुम्ति सेवा संचालन | १ लाख | १००००० |
| **वडागत सिलिङ तर्फ** | | ३ करोड २० लाख | |
| १ | वडा गत सिलिङ, प्रति वडा रु. ४० लाख | ३ करोड २० लाख | ३२०००००० |
| **वडाहरुमा छुट्ट छुट्टै तर्फ** | | १४ लाख | |
| १ | वडा नं. १ को वडा भवन संरक्षण वाल | ५ लाख | ५००००० |
| २ | वडा नं ३ वाल | ९ लाख | ९००००० |
| **न्यायिक समिति तर्फ** | | १० लाख | |
| १ | न्यायिक समिति | १० लाख | १०००००० |
| **विपद व्यवस्थापन तर्फ** | | २५ लाख | |
| १ | विपद व्यवस्थापन कोष | २५ लाख | २५००००० |
| **मर्मत सम्भार तर्फ** | | १० लाख | |
| १ | मर्मत सम्भार कोष | १० लाख | १०००००० |
| **खानेपानी तथा सिंचाई तर्फ** | | २० लाख | |
| १ | खा.पा. मर्मत | ५ लाख | ५००००० |
| २ | सिंचाई कूलो मर्मत निर्माण | ५ लाख | ५००००० |
| ३ | लिफ्ट सिंचाई खनियाँखर्क | ५ लाख | ५००००० |
| ४ | भट्टार माझगाउँ खानेपानी | ५ लाख | ५००००० |
| **संस्कृति तर्फ** | | ३० लाख | |
| १ | मठ, मन्दिर, गूम्बा | २० लाख | २०००००० |
| २ | मरण पाटी तथा चित्ता निर्माण चिहान डाँडा | ५ लाख | ५००००० |
| ३ | भिमसेनस्थान मन्दिर | ५ लाख | ५००००० |

| आ.व. २०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम | | | |
|---|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रम | अनुमानित बजेट रु. | अंकमा |
| पर्यटन तर्फ | | १० लाख | |
| १ | भ्यु टावर पूर्णता तथा पार्क व्यवस्थापन | १० लाख | १०००००० |
| झोलुङ्गे पुल तर्फ | | ६ लाख | |
| १ | समपूरक कोष झो.पु | ६ लाख | ६००००० |
| साझेदारी तर्फ | | १० लाख | |
| १ | भैपरि आउने पूँजिगत खर्च (साझेदारी समन्वय) | १० लाख | १०००००० |
| विस्तृत अध्ययन प्रतिवेदन तर्फ | | १० लाख | |
| १ | विस्तृत अध्ययन प्रतिवेदन निर्माण गर्ने कार्य | १० लाख | १०००००० |
| योजना तथा पुर्वाधार तर्फ | | ४७ लाख | |
| १ | माङ्चेभुमे पूर्णता | ३ लाख | ३००००० |
| २ | ढोडेनी हुँदै सानो छहरे क्यानोईङ पूर्वाधार विकास | ६ लाख | ६००००० |
| ३ | पशु हस्पिटल जाने बाटो तथा आधारभुत हस्पिटल बाटो वाल संरक्षण | १० लाख | १०००००० |
| ४ | गा पा कम्पाउण्ड अगाडी ढलान | २ लाख ५० हजार | २५०००० |
| ५ | सभाहल सौन्दर्यीकरण | २ लाख ५० हजार | २५०००० |
| ६ | गाउँपालिकाको कार्यालयमा AC जडान | ५ लाख | ५००००० |
| ७ | माथिल्लो घ्याङ मनाङे लामाको घर हुँदै ढकाल बारी सडक | ३ लाख | ३००००० |
| ८ | नर्सिङघाट मोटरबाटो | ३ लाख | ३००००० |
| ९ | गुरुङगाउँ लखिनखोला घाट मोटरबाटो | २ लाख | २००००० |

| आ.व. २०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम | | | |
|---|---|---|---|
| **सि.नं.** | **योजना तथा कार्यक्रम** | **अनुमानित बजेट रु.** | **अंकमा** |
| **सामाजिक विकास तर्फ** | | २५ लाख ५० हजार | |
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम | ३ लाख | ३००००० |
| २ | एकल महिला सञ्जाल निर्माण | १ लाख | १००००० |
| ३ | शिवपुरी वडा स्तरीय महिला सञ्जाल निर्माण, सञ्चालन, व्यवस्थापन तथा महिला उत्थान र विविध मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन | ४ लाख | ४००००० |
| ४ | अपाङगता सम्बन्धी कार्यक्रम | २ लाख ५० हजार | २५०००० |
| ५ | लक्षित वर्ग (आदिवासी जनजाती, दलित र अल्पसंख्यकहरुको उत्थान तथा क्षमता विकास कार्यक्रम) | ५ लाख | ५००००० |
| ६ | नेपाल स्काउट | ५ लाख | ५००००० |
| ७ | नेपाल तामाङ घेदुङ जि स स अनुदान | ५ लाख | ५००००० |
| **कृषि तर्फका कार्यक्रमहरु** | | ४० लाख | |
| १ | कृषि | ३० लाख | ३०००००० |
| २ | शिवपुरी गाउंपालिका स्तरीय नर्सरी निर्माण | १० लाख | १०००००० |
| **पशु सेवा तर्फका कार्यक्रमहरु** | | ६७ लाख | |
| १ | पशु सेवा | ३० लाख | ३०००००० |
| २ | दुध विक्रीमा अनुदान | ३७ लाख | ३७००००० |
| **स्वास्थ्य तर्फका कार्यक्रमहरु** | | १ करोड ५६ लाख | |
| १ | उपाध्यक्षसंग मातृशिशु कार्यक्रम | ५ लाख | ५००००० |
| २ | अध्यक्षसंग बृद्ध बृद्धा कार्यक्रम | १५ लाख | १५००००० |

| आ.व. २०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम | | | |
|---|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रम | अनुमानित बजेट रु. | अंकमा |
| ३ | बर्थिङ सेन्टरबाट सुत्केरी रिफर गर्दा निःशुल्क यातायात सेवा | २ लाख | २००००० |
| ४ | बच्चा जोखुहोस् नगद सहित पोषण झोला बोक्नुहोस कार्यक्रम | १ लाख | १००००० |
| ५ | निशुल्क टिटि, रेविज तथा एन्टी स्नेक भेनम सिरम, १० स्वास्थ्य संस्थामा | २ लाख | २००००० |
| ६ | बर्थिङ सेन्टरमा रात्रीकालिन सेवा गरेबापत भत्ता | १ लाख ५० हजार | १५०००० |
| ७ | नयां बर्थिङ सेन्टर स्थापना, | ५ लाख | ५००००० |
| ८ | स्वास्थ्य संस्था अनुदान १० स्वास्थ्य संस्था रु. ४० हजार का दरले | ४ लाख | ४००००० |
| ९ | बर्थिङ सेन्टर व्यवस्थापन | २ लाख ५० हजार | २५०००० |
| १० | निशुल्क तथा डाक्टर सिफारिस अनुसारका अत्यावश्यक औषधी खरिद तथा वितरण | ३ लाख | ३००००० |
| ११ | MBBS डाक्टर सहित सेवा सञ्चालन निरन्तरता तथा ल्याव व्यवस्थापन | ४ लाख | ४००००० |
| १२ | आमा समूह बैठक | ५ लाख | ५००००० |
| १३ | गाउँघर क्लिनिक, खोप क्लिनिक सञ्चालन प्रोत्साहन खर्च | २ लाख | २००००० |
| १४ | आधारभुत हस्पिटल दायित्व | ८० लाख | ८०००००० |
| १५ | आयुर्वेदिक अस्पताल, आरोग्य केन्द्र | ४ लाख | ४००००० |
| १६ | आर्थिक सहायता तथा औषधोपचार | १५ लाख | १५००००० |

| आ.व. २०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम | | | |
|---|---|---|---|
| **सि.नं.** | **योजना तथा कार्यक्रम** | **अनुमानित बजेट रु.** | **अंकमा** |
| १७ | महिला जनप्रतिनिधिहरुसंग स्त्रीरोग निदान कार्यक्रम (VIA टेष्ट, आङखस्ने स्क्रीनिङ, STI) | ५ लाख | ५०००० |
| **शिक्षा, युवा तर्फका कार्यक्रमहरु** | | १ करोड ३५ लाख ९२ हजार | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण | ८ लाख | ८००००० |
| २ | वाल विकास केन्द्र, विद्यालय कर्मचारी र कार्यालय सहयोगीलाई गा.पा. बाट थप तलब | ६८ लाख | ६८००००० |
| ३ | RUDEC सहकार्यमा विद्यालयमा पुस्तकालय व्यवस्थापनको लागि फर्निचर | १० लाख | १०००००० |
| ४ | जनज्ञान विद्यालयलाई अनुदान सहयोग | ५ लाख | ५००००० |
| ५ | सुन्य दरबन्दी भएका तथा कम दरबन्दी भएका विद्यालयहरुलाई शिक्षण सहयोग अनुदान | ५ लाख | ५००००० |
| ६ | मासिक प्र अ बैठकमा खाजा तथा आतेजाते खर्च बिबिध | ३ लाख | ३००००० |
| ७ | शिक्षा समिति परीक्षा समिति लगायत अन्य समिति बैठक खर्च | २ लाख ९२ हजार | २९२००० |
| ८ | मातृभाषा शिक्षा नीति कार्यान्वयन | १० लाख | १०००००० |
| ९ | स्याउरेभुमे प्राविधिक शिक्षालय अनुदान सहयोग | १३ लाख | १३००००० |
| १० | च गाउँ तथा दिगाम बाल विद्यालय व्यबस्थापन तथा संचालन | २ लाख | २००००० |
| ११ | बाल क्लब साहित्य महोत्सव | ३ लाख | ३००००० |

| आ.व. २०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम | | | |
|---|---|---|---|
| **सि.नं.** | **योजना तथा कार्यक्रम** | **अनुमानित बजेट रु.** | **अंकमा** |
| १२ | सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघलाई शैक्षिक कार्यक्रम सञ्चालन | ३ लाख | ३००००० |
| १३ | गुणस्तरीय शिक्षाको अभियान उत्कृष्ट विद्यालयलाई सम्मान कार्यक्रम | ३ लाख | ३००००० |
| **खेलकुद कार्यक्रम तर्फ** | | १३ लाख | |
| १ | खेलकुद कार्यक्रम | ८ लाख | ८००००० |
| २ | शिवपुरी गाउँपालिका स्तरिय कराते डोजो अनुदान | ५ लाख | ५००००० |
| **अनुदान तर्फ** | | ५ लाख | |
| १ | रेडक्रस सोसाईटी अनुदान | ५ लाख | ५००००० |
| | | | ५४९४००००० |

**सभाअध्यक्षज्यू,**

यस गाउँपालिकाको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार लगायत क्षेत्रमा सुधार गर्दै विकसित र समुन्नत बनाउनु हामी सबैको दायित्व हो। बजेट मार्फत विनियोजित परियोजना तथा कार्यक्रमको कार्यान्वयन मार्फत सम्बृद्ध शिवपुरी बनाउनको लागि सम्पूर्ण गाउँवासी एक मत हुनेछौं भन्ने विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गनिर्देश गर्नुहुने गाउँपालिकाका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, तथा गाउँसभाका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेट निर्माणमा अहोरात्र खटिनु हुने सम्पूर्ण कर्मचारीहरु प्रति पनि आभारी छु । बजेट तर्जुमा गर्दा महत्वपूर्ण भूमिका खेल्नुहुने स्थानीय राजनीतिक दलका नेतृत्वकर्ताहरु, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैर सरकारी क्षेत्रका प्रतिनिधिहरु लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

विर बहादुर तामाङ्ग
उपाध्यक्ष

मितिः २०८० असार १० गते ।